ICIMOD

कैलाश पवित्र भू-परिधि संरक्षण तथा विकास पहल

# प्रकृति आह्वान

## कैलाश पवित्र भू-परिधिमा सीमापार जैविक विविधता व्यवस्थापन छलफल मञ्च



Ajaz Hussain

## पृष्ठभूमि

महाकाली नदीको भारत तर्फ तथा नेपाल तर्फ पर्ने क्षेत्रमा थुप्रै साझा प्राकृतिक स्रोत-साधन तथा पर्यावरण प्रणाली अवस्थित छन् । साथै प्राकृतिक स्रोत साधन व्यवस्थापनका थुप्रै विषय पनि उस्तैउस्तै छन् - उच्च मूल्यका औषधीय वनस्पतिको अत्याधिक परिमाणमा भइरहेको संकलन, मानिस तथा वन्यजन्तु बीच बढ्दो द्वन्द, औषधीय वनस्पति तथा वन्यजन्तुको बढ्दो अवैध व्यापार आदि ।

कैलाश पवित्र भू-परिधि संरक्षण तथा विकास पहल चीन, भारत र नेपाल बीचको त्रिदेशीय कार्यक्रम हो । यस कार्यक्रमले सीमापार भू-परिधि पद्धति अपनाई पर्यावरण प्रणाली सम्बन्धि मुद्दाहरूलाई वृहत् स्तरमा सम्बोधन गर्ने पहल गरेको छ ।



सन् २०१८ मो सीमापार जैविक विविधता व्यवस्थापन विषयमा छलफल गर्नका लागि नेपाल र भारतका स्थानीय सरकार तथा समुदायका प्रतिनिधिहरुलाई यस पहलले  दार्चुला जिल्लाको सदरमुकाम खलङ्गामा भेला गरेको थियो । त्यस्तै भेला गर्ने क्रममा, सन् २०१९ मा प्रकृति आह्वान शिर्षक अन्तर्गत दोस्रो सीमापार मञ्च भारतको उत्तराखण्डमा पर्ने पिथौरागढमा आयोजना भएको थियो । यस मञ्चका सहभागीहरुले सन् २०१८ मा सहमति भएका कार्यक्रमहरू कार्यान्वयन गर्दाका आफ्ना अनुभव साटासाट गरेका थिए । साथै सहभागीहरूले जैविक विविधता व्यवस्थापनबारे तत्काल महत्वका विषयमा पनि छलफल गर्दै तिनी विषयहरुलाई सामूहिक रूपमा सम्बोधन गर्न आवश्यक रणनीति पहिल्याउनु पर्ने भनी बताएका थिए । यस संक्षिप्त प्रतिवेदनमा प्रकृति आह्वान २०१९ मा छलफल गरिएका मुख्य बुंदाहरु र जैविक विविधता संरक्षण तथा दिगो व्यवस्थापनको लागि मार्गचित्र पनि सामेल गरिएका छन् ।



## भू-परिधिमा जैविक विविधता व्यवस्थापनका लागि मुख्य मुद्दाहरू

- यस भू-परिधिमा मानिस तथा वन्यजन्तुबीचको द्वन्द्व एक प्रमुख समस्या बनेको छ । क्षतिपूर्ति तथा राहतसम्बन्धि नीतिगत पक्ष, बालीनाली तथा चौपाया बीमा र जनचेतनालाई प्राथमिकता दिइनुपर्छ ।
- यार्सागुम्बा तथा अन्य औषधीय वनस्पतिको महाकाली नदी वारपार, सीमापार यातायात र व्यापारबारे राष्ट्रिय तथा सीमापार तहहरूमा थप छलफल हुनु आवश्यक छ ।
- परापूर्व कालदेखि चलिआएको भेडाबाख्राको सीमापार व्यापार लाई फेरी सुरु गर्न सकिने अवसर छ ।
- वन्यजन्तु तथा आखेटोपहार र औषधीय वनस्पति तथा अन्य प्राकृतिक स्रोत साधनको अवैध व्यापारले गर्दा यस भू-परिधिका जैविक विविधता जोखिममा परेको छ ।
- यस भू-परिधिमा पाइने कम परिचित गैरकाष्ठ वनजन्य उत्पादन तथा औषधीय गुण भएका वनस्पतिबारे अत्यन्तै नगण्य मात्रामा अध्ययन अनुसन्धानहरु भएका छन् । त्यस्ता वनस्पति तथा उत्पादनको संरक्षण, अवस्था आँकलन गर्न तथा तिनको दिगो उपभोग र व्यवस्थापन सुनिश्चित गर्नका लागि आवश्यक अध्ययनहरु गर्दै त्यस्ता अध्ययनका निष्कर्ष आदानप्रदान गर्न जरुरी छ ।
- सामाजिक तथा आर्थिक स्तरमा परिवर्तन, बसाईंसराइ तथा सुगमतामा सुधार आदि कारणले पशुपालनजस्ता जीविकोपार्जनका परम्परागत अभ्यासमा ह्रास आएकाछन् । विशेषगरि युवा पुस्तालाई गाउँमै रहन प्रोत्साहन गर्ने हो भने जीविकोपार्जन र कृषिका परम्परागत अभ्यासलाई थप आकर्षक तथा दिगो बनाउने रणनीति विकास गर्न पहल गर्ने।

## प्राकृतिक स्रोतसाधन बारे योजना निर्माणमा लैंगिक तथा सामाजिक समावेशिता

महिला तथा सिमान्तकृत समुदायहरु प्राकृतिक स्रोत साधनका प्रमुख उपयोगकर्ता मध्य पर्छन् तर यस्ता स्रोतसाधन व्यवस्थापन गर्न योजना निर्माण गर्दा उनीहरुको सहभागिता भने न्यून हुने गर्दछ। प्राकृतिक स्रोतसाधनको उपभोग, व्यवस्थापन र त्यसबारे योजना निर्माणमा न्यायोचितता सुनिश्चित गर्नमा लैंगिक तथा सामाजिक समावेशिता महत्वपूर्ण हुन्छ । यो लक्ष्य प्राप्त गर्न प्राकृतिक स्रोतसाधन व्यवस्थापनका लागि लैंगिक तथा सामाजिक समावेशिता सहितको योजना निर्माण कसरी गर्ने भन्नेबारे क्षमता निर्माण तथा संवेदनशिलता अभिवृद्धि कार्यक्रम संचालन गर्न सकिन्छ ।

## जैविक विविधता संरक्षण तथा दिगो व्यवस्थापनका लागि मार्गचित्र

प्राथमिकता क्षेत्र १

**यार्सागुम्बा र अन्य औषधीय तथा सुगन्धित जडिबुटीको व्यवस्थापन**

**कार्यक्रम** (समयावधि सहित)

- नियमको अभाव भएको अवस्थामा संकलनका लागि नियम स्थापना गर्ने - समयावधि, स्वीकृति प्रणाली, बासस्थल व्यवस्थापन, संकलनस्थल व्यवस्थापन (१ - २ वर्ष)
- यार्सागुम्बाको जीवनचक्र तथा औषधीय महत्वबारे चेतना अभिवृद्धि गर्ने ( १ - २ वर्ष)
- यार्सागुम्बा तथा अन्य प्राकृतिक उत्पादनका सीमापार व्यापारका प्रक्रियाको विश्लेषण गर्ने (१ - २ वर्ष)
- उच्च मूल्यका प्राकृतिक उत्पादन तथा औषधीय वनस्पति जडिबुटीको उब्जनीलाई प्रवर्धन गर्ने (१ - २ वर्ष)

**सरोकारवाला:** स्थानीय सरकारहरु, जिल्ला वन कार्यालय तथा अपि नाम्पा संरक्षण क्षेत्रसहित सम्बन्धित सरकारी निकायहरु, वन पञ्चायतहरु, सङ्कलकहरु, व्यापारीहरु तथा अध्ययन संस्थाहरु ।

## सामाजिक समावेशिता अभ्यास: “टिका लगाउने” खेल

सहजकर्ताहरुले खेलको नियम व्याख्या गरेपछि सहभागीहरुलाई ठूलो घेरामा आँखा चिम्लिएर उभिन लगाइयो । यसपछि सहजकर्ताहरुले प्रत्येक सहभागीको निधारमा टिका लगाइदिए । टिका चार रंगका थिए - ५० प्रतिशत सहभागीले रातो टिका पाए, ३० प्रतिशतले हरियो टिका पाए, १५ प्रतिशतले गुलाबी टिका पाए र एकजना मात्रैले नीलो टिका पाए । सबै लाई टिका लगाईदिइ सकेपछि सहभागीहरुलाई आँखा खोल्न भनियो । आफ्नो निधारमा भएको टिकाको रंग अनुसार भिन्नभिन्न समूहमा जम्मा हुन भनियो । आफ्नो निधारको टिकाको रंग नदेख्ने र अर्काको निधारको टिका मात्रै देख्ने हुनाले सहभागीहरुलाई नबोली इशाराले मात्रै बात गर्न भनियो । बोल्न निषेध गरियो ।

“अरु सहभागीहरुको तीन भिन्न रंगको टिका देखे पनि आफ्नो टिकाको रंग थाहा थिएन । मेरो टिका पनि उनीहरुकै रंगको त होला नि भन्ने लाग्थ्यो र उनीहरुको टोलीमा मिसिन जान्थेँ । तर उनीहरु भने मलाई उनीहरुको टोलीबाट बाहिरिन इशारा गरिरहन्थे । मलाई सबै टोलीले बहिष्कार गरे झैं अनुभव भयो ।”

- जनक पाध्या
(नीलो टिका पाउने एक्लो व्यक्ति)

“अरु सबैलाई झैं मलाई पनि आफ्नो टिकाको रंग थाहा थिएन । इशारा गर्दै मैले अरुलाई उनीहरुको टोलीतिर पठाईदिएँ र उनीहरुले पनि मलाई सहयोग गरे । आफ्नो टोली पत्ता लगाउन अलि गाह्रो भयो किनभने हामी थोरैसँग मात्रै एउटै रंगको टीका थियो । अरु टोलीहरु ठूला थिए - देखेर अलि डर पनि लाग्यो ।”

- बिशन बुढाथोकी



प्राथमिकता क्षेत्र २

## चरन क्षेत्र तथा पशुपालन व्यवस्थापन

**कार्यक्रम** (समयावधि सहित)

- नेपाल - हाल तयार हुँदैगरेको अपि नाम्पा संरक्षण क्षेत्र व्यवस्थापन योजनामा खुल्ला पाटन तथा चरनक्षेत्र व्यवस्थापनका मुद्दा पनि समावेश गर्ने (१ वर्ष)
- पशुपालनका लागि डाले घाँस उत्पादन गर्ने  (१ - २ वर्ष)
- पशुपालनका उत्पादनलाई विकास गर्ने, विविध बनाउने र बजारसँग जोड्ने (१ - ३ वर्ष)
- अधिक उत्पादन दिने पशुवस्तुका प्रजाति भित्राई उत्पादन बृद्धि गर्ने (१ - ३ वर्ष)

**सरोकारवाला:** स्थानीय सरकारहरू, अपि नाम्पा संरक्षण क्षेत्र (ANCA) तथा वन, कृषि तथा पशुपालन शाखा आदि सम्बन्धित सर कारी निकायहरू, नागरिक समाज समूहहरू, निजि क्षेत्र, तथा अध्ययन संस्थाहरू ।

प्राथमिकता क्षेत्र ३

## मानिस र वन्यजन्तुबीच द्वन्द्व व्यवस्थापन

**कार्यक्रम** (समयावधिसहित)

- वन्यजन्तु अपराध नियन्त्रण गर्ने: चेतना अभिवृद्धि कार्यक्रम संचालन गर्ने, वन्यजन्तु अपराध नियन्त्रणबारे सम्बन्धित सरकारी निकायहरू तथा स्थानीय समुदायहरूको क्षमता निर्माण गर्ने (१ - ३ वर्ष)
- वन्यजन्तुबाट हुने हानीनोक्सानी न्यूनीकरण गर्ने: चेतना अभिवृद्धि कार्यक्रम संचालन गर्ने, क्षतिपूर्ति तथा राहत बीमा कार्यक्रमहरू परिक्षण गर्ने, वन्यजन्तु प्रतिरोधक नगदे बाली तथा बोटवृक्ष लगाउने कार्यक्रम परिक्षण गर्ने (१ - ३ वर्ष)

**सरोकारवाला:** दक्षिण एशियाली वन्यजन्तु कानुन कार्यान्वयन सञ्जाल (SAWEN), स्थानीय सरकारहरू, वन तथा वन्यजन्तु शाखा आदि सम्बन्धित सरकारी निकायहरू, नागरिक समाज संस्थाहरू, गैरसरकारी संस्थाहरू, निजि क्षेत्र, अध्ययन संस्थाहरू ।

**For further information**

**Janita.Gurung** janita.gurung@icimod.org
**Pradyumna Rana** pradyumna.rana@icimod.org

**ICIMOD gratefully acknowledges the support of its core donors:** the Governments of Afghanistan, Australia, Austria, Bangladesh, Bhutan, China, India, Myanmar, Nepal, Norway, Pakistan, Sweden, and Switzerland.

© ICIMOD 2020

**International Centre for Integrated Mountain Development**
**www.icimod.org**